जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ३०० २०८२ साल असार २४ गते मंगलबार (8 July 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाली महिला फुटवल... ३ पृष्ठमा : साउनमा पशुपति क्षेत्रमा ... ३ पृष्ठमा : एप्पलद्वारा इयूसँग ५० ...

## मुलुकमा आएको परिवर्तनमा आदिवासी जनजातीको पनि उतिकै योगदान : *मन्त्री लेखी*




**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**

मधेस प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखीले मुलुकमा आएको ऐतिहासिक परवर्तनमा आदिबासी जनजातीको पनि महत्वपूर्ण योगदान रहेको बताएका छन् । राष्ट्रिय स्वावलम्बन विकास समाज कञ्चनरुपद्वारा सोमवार सप्तरीको कञ्चनरुप बाजारमा आयोजना गरिएको प्रदेशस्तरीय आदिबासी जनजाति सम्मेलनको उदघाटन गर्दै मन्त्री लेखीले सो यस्तो बताएका हुन् ।

मन्त्री लेखीले आदिबासी जनजाति, थारु, मधेस बिद्रोहसहितका पहिचान र अधिकार प्राप्तिको आन्दोलनले देशमा नयाँ शासन व्यवस्था आएको भन्दै यस्तो उपलब्धिलाई सबै मिलेर रक्षा गर्नुपर्नेमा जोड दिए । देशमा संघीयताको पहिलो आबाज उठाउने जाति आदिबासी समुदाय भएको दावी गर्दै उनले विभिन्न पार्टी तथा व्यक्तिले बर्तमान व्यवस्था परिवर्तनको श्रेय लिने प्रयास गरिरहेको आरोप समेत लगाए ।

'देशमा संघीयता आफै आएको होइन, यसमा आदिबासी जनजाति मधेसी, मुस्लिम दलित, महिलाको ठुलो योगदान छ(उनले भने, 'संघीयता समाबेशीता, समानता र समता मुलक समाज, स्वायत्तताको आवाज आदिबासी अगुबाहरुले २००९ सालमै उठाएको थियो, २०६२/६३ को आन्दोलनले मात्र देशमा संघीयता आएको होइन ।'

उनले आफुले लडेर ल्याएको व्यवस्थालाई अधिकार सम्पन्न बनाउन अझै संघर्ष गर्नुको बिकल्प नरहेको बताए । 'हालको शासन व्यवस्था उत्पीडित, अपेक्षित समुदायकै लागि हो' मन्त्री लेखीले भने,'आदिबासी जनजाति आन्दोलन समानताको आन्दोलन हो' स्थानीय, प्रदेश सरकार स्वायत्त छ की छैन त्यो खबरदारी पनि गर्नु जरुरी छ ।'

हामीले पाएको अधिकार अझै प्रयाप्त नभएको जिकिर गर्दै उनले सम्मेलनले आदिवासी जनजातिको हकअधिकार सुनिश्चितताको लागि टेवा पुग्ने विश्वास व्यक्त गरे ।

उनले जनतामा फेरि एकात्मक केन्द्रकृत मानसिकता लाद्ने प्रयास गरिए महंगो हुने चेतावनी समेत दिए। लेखीले स्थानीय सरकारले संघीय शासन प्रणाली अनुसार आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित, महिला , अपाङ्ग र अल्पसंख्यक समुदायको उत्थानका लागि नीति बजेट तथा कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए ।

आयोजक समितिका अध्यक्ष माधव चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा पूर्व राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेल कञ्चनरुप नगरपालिकाका मेयर ललन प्रसाद गुप्ता, एमाले केन्द्रीय सदस्य दिवाकर देवकोटा, कञ्चनरुप नगरपालिकाका पूर्व मेयर वसन्त कुमार मिश्र, अग्नीसाइर कृष्णासवरन गाउँपालिकाकी पूर्व उपाध्यक्ष मिना चौधरी, नेवाः देयः दबूका केन्द्रीय सदस्य दक्ष नारायण श्रेष्ठ, आदिबासी जनजाति पत्रकार

***बाँकी अन्तिम पृष्ठमा***

## नहरमा शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ कोशी ब्यारेज क्षेत्रमा अवस्थित कोशी पश्चिमी सिँचाइ नहरमा आईतवार साँझ एक पुरुषको शव फेला परेको छ ।

पहिचान खुल्न नसकेका अन्दाजी ५५ वर्षीय पुरुषको शव फेला परेको प्रहरीले जनाएको छ । कोशी पश्चिमी सिँचाइ नहरमा फलामको ढोकामा अडकेको अवस्थामा ती पुरुषको शव फेला परेको ईलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए । नहरको ढोकामा एक पुरुषको शव देखिएको स्थानीयबासीले खबर गरेपछि पुगेको प्रहरी टोलीले शव बाहिर निकाली आवश्यक प्रक्रिया गरी थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरिक्षक काफ्ले जानकारी दिए ।

मृतकको सनाखतका लागि सबै प्रहरी निकायमा हुलिया विवरण पठाईएको जानकारी दिदै उनले मृतकको शव पोष्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा पठाइ घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाकारी समेत दिएका छन् ।

## आवश्यकता

IMPACT Nepal

बिगत ३० बर्ष देखि अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालले राजविराज स्थित आफ्नै नयाँ भवनवाट सेवा सुचारु गर्न गइरहेको हुँदा तपसिल बमोजिमका पदहरु करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ असार ३० गते सम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| असिस्टेन्ट फार्मसिस्ट | १ | फार्मेसी बिषय लिई डिप्लोमा |
| कान उपचार कार्यकर्ता | १ | हेल्थ असिस्टेन्ट |

द्रष्टव्य:

१. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१- ५९०००५) वा इम्प्याक्ट नेपालकको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं, पोस्ट बक्स न. १०९०६ तथा इमेल : vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउनु सकिनेछ |

२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।

३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

४. रितपूर्वक आवेदन दिएका उमेदवारहरुलाई अन्तरवार्ता र प्रयोगात्मक परीक्षाको जानकारी दिइनेछ।

५. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

भर्ना खुल्यो

गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध

यूनिभर्सल कलेज

RAJBIRAJ UNIVERSAL ACADEMY

राजविराज,८, पुलचोक, सप्तरी

+2

विज्ञान

व्यवस्थापन

शिक्षाशास्त्र

मानविकी

For More Information Contact :

Contact : 031-590366, 9842820071, 9805928831

फारम वितरण :-२०८२ असार १५ गतेदेखि

प्रवेश परीक्षा :-२०८२ असार २८ गते, बिहान ११:०० बजेदेखि

कक्षा सञ्चालन :-२०८२ श्रावण १ गते, बिहान ६:१५ बजेदेखि

# कोशी प्रदेशसभाबाट प्रतिस्थापन विधेयक पारित

विराटनगर, २३ असार (रासस)।

कोशी प्रदेशसभाबाट 'केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८२ लाई प्रतिस्थापन गर्न बनेको विधेयक, २०८२' सर्वसम्मतले पारित भएको छ।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डरीले सोमवारको बैठकमा उक्त विधेयक पारित गरियोस् भनी गर्नुभएको प्रस्तावलाई सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गर्नुभएको थियो।

उक्त विधेयकमा कुनै पनि संशोधनको प्रस्ताव संसद् सचिवालयमा दर्ता नभएको र सो विधेयकमा दफावार छलफलमा पनि कुनै पनि सांसदले सहभागी जनाउनु भएनन्।

सभामा 'महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२' मुख्यमन्त्री हिक्मतकुमार कार्कीका तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री भण्डारीले सदनमा पेस गर्नुभएको थियो।

सभाको शून्य समयमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) कोशी प्रदेशसभा संसदीय दलका तर्फबाट सदस्य रमेशकुमार बस्नेतले देशकै सबैभन्दा ठूला बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई राजनीति क्षेत्रबाट मुक्त राख्नुपर्ने बताउनुभयो।

उहाँले नागरिकको उपचार तथा विशेषज्ञ स्वास्थ्य सेवामा समर्पित यो संस्थामा वार्षिक पाँच लाख नागरिकले बहिरङ्ग सेवा र लगभग ४५ हजार नागरिकले आकस्मिक सेवा लिने गरेको प्रतिष्ठान नेपाल र भारतका निम्ति नमुनायोग्य छ भन्नुभयो। जम्मा ९१५ वटा शय्या रहेको यो प्रतिष्ठानलाई विवादरहित राख्नुपर्ने धारणा राख्नुभयो। उहाँले निजामती कर्मचारी ऐनमा 'कुलिङ पिरिएड'मा भएको त्रुटिमा कसैले जिम्मेवारी नलिनु अस्वाभाविक हो भन्दै गल्ती गर्नेलाई कारबाही हुनुपर्छ भन्नुभयो।

प्रदेशसभा सदस्य राजन किरातीले कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले कर्मचारीहरूसँग रकम माग्ने गरेको र रकम नदिए सरुवा गरिदिने समाचार सामाजिक सञ्जालमा छ्यापछ्याप्ती आइरहेकाले सरकारले छानबिन गर्नुपर्ने माग गर्नुभयो। सदस्यहरू गोपालबहादुर बस्नेत, किशोरचन्द्र दुलाल, शोभा चेम्जोङ र ललिताकुमारी चौधरीले पनि विविध विषयमा आफ्ना धारणा राख्नुभएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाली महिला फुटबल टोलीलाई सधैँ पिरोलिरहने उज्वेकिस्तानविरुद्धको खेल

**राजु सिलवाल**

काठमाडौं, २३ असार।

नेपाली राष्ट्रिय महिला फुटबल टोलीले उज्वेकिस्तानको तासकान्दमा सम्पन्न एएफसी महिला एसिया कप छनोट प्रतियोगितालाई कहिले बिर्सन नसक्ने प्रतियोगिताका रूपमा लिएको छ। टोलीका सदस्यहरूलाई फुटबल खेलबाट सन्यास लिइसकेपछि पनि सो प्रतियोगिताको नतिजाले पिरोलिरहने नेपाली टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा'को भनाइ एकदमै मार्मिक छ। फुटबल मैदानमा सधैं दृढ देखिने साम्बालगायतका खेलाडीले उज्वेकिस्तानविरुद्धको खेल समाप्त भएपछि मैदानमै आँसु खसालेको देखेपछि नेपाली फुटबल प्रेमीहरूले नरमाइलो मानेका थिए।

आज स्वदेश फर्कदासमेत महिला फुटबल टोलीका सदस्यहरूको अनुहारमा खुसी थिएन। सो टोलीका प्रशिक्षकहरूले पनि यो दुःखद क्षणलाई आगामी दिनमा पनि पक्कै बिर्सने छैनन्। नेपाली महिला फुटबल टोलीका लागि यो जत्तिको ठूलो प्रतियोगिता केही थिएन। यो अवसरलाई नेपाली टोलीले सही तरिकाले उपयोग गरेको थियो। सन् १९८६ देखि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै आएको नेपाली महिला फुटबल टोलीले १००औँ प्रतियोगिताका सिलसिलामा सबैभन्दा आक्रमक खेल खेल्दै हालसम्मकै सर्वाधिक गोल गर्न सफल भएको थियो। नेपाली महिला फुटबल टोलीको फाइटिङ स्पिरिटको सकारात्मक सन्देश सबैतिर फैलिएको छ। अन्तिम खेलमा उज्वेकिस्तानलाई कडा चुनौति दिंदा नेपाली टोली पेनाल्टी सुटआउटमा चुकेको थियो। नेपाल सम्भावित विजेताको अवसरबाट वञ्चित हुन पुग्यो। यसले नेपालको महिला फुटबलको आगामी मार्ग समेत अवरोध हुन पुग्यो।

**क्षमायाचना**

अखिल नेपाल फुटबल सङ्घले खेलको नतिजा चाहेको जस्तो नभएको जनाएको छ। सङ्घले सबैको सहयोगको कदर पनि गरेको छ।

नेपाली टोलीकी स्ट्राइकर प्रिति राईले नेपालको पराजयपछि सामाजिक सञ्जालमार्फत सबैसँग माफी मागेकी छिन। धेरै प्रयास गर्दा समेत खेलमा विजयी हुन नसकेको भन्दै उनले नेपाल पराजित भएकामा माफी मागेकी हुन्। नेपाली राष्ट्रिय फुटबल टोलीकी पहिलो कप्तान रमा सिंहको धारणा बेग्लै छ। उनले नेपाली महिला टोलीले खेल नहारेको धारणा व्यक्त गर्दै खेलको स्तर जितभन्दा माथि भएको बताइन्।

**प्रशिक्षकको भूमिका**

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक प्याट्रिक डे विल्डेले आफ्नो नियुक्तिपछिको पहिलो जिम्मेवारीमै नेपाली महिला टोलीको खेलमा अत्यधिक सुधार गरेको स्पष्ट महसुस गराएका थिए। उनले खेलाडीहरूलाई किन सकिन्न र? भन्दै उत्प्रेरित गर्ने गरेका थिए। नेपाली खेलाडीहरूले तीनवटा खेलमा क्रमशः सुधार गर्दै लगेको देखिएको थियो। यसमा मुख्य प्रशिक्षकको भूमिका महत्वपूर्ण मानिएको छ। मुख्य प्रशिक्षकले मैदानमा होस वा ड्रेसिङ रुममा दिएको जिम्मेवारी र सिकाएको शैलीलाई खेलाडीहरूले पछ्याएका थिए। उज्वेकिस्तानसँग ३ गोलले पछि पर्दा पनि नेपालले गोल फर्काउन सक्नु सानो उपलब्धि होइन। तर पेनाल्टीमा चुक्नु नेपालका लागि दुर्भाग्य बन्न पुग्यो। गोल मेसिनका रूपमा सशक्त खेलाडी बनेर प्रशंशाको पात्र बनेकी कप्तान साम्बाले प्रहार गरेको पेनाल्टी बल दुर्भाग्यबस गोल पोष्टको पोलमा लागेर फर्कनु, आफ्नो टोलीमा प्रिति राई र रेखा पौडेलजस्ता स्कोरर हुँदा हुँदै प्रशिक्षकले गोलकिपर अन्जना रानामगरलाई पेनाल्टी प्रहार गर्ने अवसर दिनु जस्ता कारणले नेपालको आगामी अष्ट्रेलियाको यात्रा टुङ्गिन पुगेको कुरालाई नकार्न सकिन्न।

**गोलकिपरलाई दबाब**

मुख्य प्रशिक्षकले अन्जना रानामगरलाई लगातार तीन खेलमा खेलाउदाँ उनलाई पक्कै दबाब परेको थियो। यस्तो अवस्थामा गोलकिपर नर्भस हुनु स्वाभाविक थियो। यस अघि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा एन्जिला तुम्बापो सुब्बाले गोलकिपरको रूपमा नेपालको प्रतिनिधित्व गर्नुका साथै गोल बचाउने सन्दर्भमा पनि नाम कमाएकी थिइन। खेलको ख्यातीकै कारण उनको जीवनीमा आधारित 'अन्जिला' नामक चलचित्र निर्माण गरी उनलाई अभिनेत्रीका रूपमा ख्यातीप्राप्त सिनेमा निर्देशक निर्मल चाम्सले डेब्यु गराएका थिए। तासकान्दको प्रतियोगितामा मुख्य प्रशिक्षकले एन्जिलालाई कप्तानबाट हटाउनुका साथै लगातार तीन खेलमा जगेडा गोलकिपरका रूपमा बेन्चमा राखेका थिए। शनिबारको महत्वपूर्ण खेलमा प्रशिक्षकले नेपाली गोलकिपरका बारेमा ध्यान दिएको भए नतिजा सकारात्मक आउने थियो भन्नेहरू पनि छन्। रक्षात्मक पक्षका खेलाडीहरूले गोल पोष्ट जोगाउन नसक्नु, गोलकिपर अन्जना रानामगरले सम्भावित गोलको आंकलन गर्न नसक्नु, बल प्रहार हुँदा ढिलो डाइभ गर्नु जस्ता कारणले गोल भएका थिए। पेनाल्टी प्रदर्शन अतिनै महत्वपूर्ण थियो। यस्तो निर्णायक पेनाल्टी सुटआउटमा नेपालले ४ मध्ये २ मात्र पेनाल्टी गोल गर्न सक्नु दुर्भाग्य हुन पुग्यो।

**साम्बाको सफलता**

साम्बालाई कप्तानको जिम्मेवारी दिंदा पहिले बिवाद पनि भएको थियो। कप्तानको जिम्मेवारी पाएपछि आफू तीनवटै खेल खेल्नुअघिको राति सुत्न नसकेको स्वयम साम्बाले स्विकारेकी छिन्। एघार वर्ष महिला फुटबलमा बिताएकी साम्बाले यति ठूलो दबाब कहिल्यै पनि बेहोरेकी थिइनन। उनी टोलीका सबै खेलाडी कप्तान भएको मान्दछिन। सबैको सहयोगमा उनको नेतृत्वमा टोलीले नतिजा हासिल गर्न सफलता प्राप्त गरेको थियो। नेपाली राष्ट्रिय महिला टोलीको पहिलो पटक नेतृत्व गर्ने जिम्मेवारी पाएकी साम्बाले नेपाललाई एशिया कपमा प्रवेश गराउन नसकेपनि नेपाली टोलीलाई सशक्त टोलीका रूपमा मैदानमा उतार्न सक्नु उनको सफलता मान्न सकिन्छ। तासकान्दमा खेलेका तीनवटै खेलमा नेपालले विपक्षी टोलीहरूलाई कडा चुनौति दिएको थियो। विश्व बरियताका क्रममा ५१औं स्थानमा रहेको उज्वेकिस्तानलाई १००औं स्थानमा रहेको नेपालले रक्षात्मक वा आक्रामक दुवै पद्दतीका तर्फबाट यथोचित प्रतिस्पर्धा गरेको थियो। कप्तान साम्बाले यसपाली तीनवटै खेलमा ह्याट्रिक गरेर कीर्तिमान कायम गरेकी थिइन्। उनले अन्तिम दिनको खेलमा २४औं, ७१औं र ७३औं मिनेटमा लगातार तीन गोल गरेर प्रतियोगितामा तेस्रो ह्याट्रिक गरेर आफूलाई विश्वकै अब्बल दर्जाको खेलाडीका रूपमा परिचित गरेकी छिन्।

**मौसमीको चुनौती**

नेपाली खेलाडीहरूका लागि उज्वेकिस्तानको मौसम पनि चुनौति बन्न पुगेको थियो। अत्यधिक गर्मीका कारण पहिलो खेलमा ज्यादै कठिन महसुस गरेका नेपाली खेलाडीहरू दोस्रो तथा तेस्रो खेलसम्म आइपुग्दा विस्तारै अभ्यस्त हुँदै गएका थिए। खेल अवधिमा रेफ्रीले खेल बीचैमा रोकेर कुलीङ ब्रेक दिने गरेका थिए। तापक्रम बढी भएको अवस्थामा खेल्नु पक्कै पनि सहज हुँदैन। यस्तो अवस्थामा रेफ्रीले खेल बीचैमा केही बेर रोकेर खेलाडीलाई पानी खाने समय दिन कुलिङ ब्रेक दिने नियम छ। यसले खेलाडीहरूको शरिरको तापक्रम नियन्त्रण गर्न सहयोग गर्दछ। तापक्रम बत्तीस डिग्री सेल्सियस पुगेपछि अत्यधिक तातो मानिन्छ। तापक्रम अत्यधिक बढेको अवस्थामा खेलाडीको सुरक्षाकालागि कुलिङ ब्रेक आवश्यक पर्दछ। उज्वेकिस्तानमा अहिले गर्मी मौसममा तापक्रम बढी भएकाले तातो र सुख्खा हुने गरेको छ। त्यो मुलुकमा सबैभन्दा बढी तापक्रम जुलाई महिनामा हुने गरेको छ। उज्वेकिस्तानका धेरै सहरमा यस महिनामा औसत दैनिक तापक्रम ३५ डिग्री सेल्सियस पुग्ने गरेको छ। तर जाडोयाममा भने अत्यधिक चिसो भइ तापक्रम माइनस एक डिग्री सेल्सियसदेखि माइनस ३ डिग्री सेल्सियससम्म झर्ने गर्दछ। एसियाली कपको छनोट चरणमा पराजित भएर प्रतियोगिताबाट बाहिरिए पनि नेपाली फुटबल टोलीले फुटबलप्रेमी दर्शकको मन जित्न सफल भएको छ। तर नेपालको एसिया कपमा सहभागिता अवरुद्ध हुनुका साथै आगामी फिफा महिला विश्वकप र ओलम्पिक जस्ता सम्भावित प्रतियोगितामा नेपालको सहभागिता पनि टुङ्गिएकोलाई दुःखद पक्ष मान्न सकिन्छ।

उत्कृष्ठ लयमा रहेको नेपाली महिला राष्ट्रिय फुटबल टोलीले पनि रक्षात्मक हुन वा आक्रामक खेलको माध्यमबाट विपक्षीहरूलाई कडा चुनौति दिंदै बलियो उपस्थिति जनाएको थियो। लगातार तीनवटै खेलमा नेपालले आफूलाई बलियो टोलीका रूपमा मैदानमा उतार्नु मुलुककै फुटबल इतिहासमा गौरवको विषय हो। यस अघि नेपालले लाओसलाई ९-० गोलअन्तरले तथा श्रीलङ्कालाई ८-० गोलअन्तरले पराजित गर्दै आफ्नो टोली बलियो भएको प्रमाणित गरेको थियो।

समग्रमा नेपालले आफूभन्दा माथिल्लो बरियताको टोलीसँग खेल्ने अवसर पाउँदा पक्कै पनि धेरै कुरा सिकेको छ। नयाँ खेलाडीहरू उत्पादन गर्ने, स्वदेश तथा विदेशका प्रतियोगिताहरूमा खेलाडीहरूलाई अत्यधिक प्रतियोगिताहरूमा सहभागी गराउने तथा खेलाडीहरूलाई खेलेर बाच्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक उपायहरू अवलम्बन गर्नु जरुरी छ। नेपालले तासकान्दमा सिकेको पाठलाई आगामी दिनमा व्यवहारमा उतार्दै नेपाली महिला फुटबललाई प्राथमिकतामा राखेर उचित रणनीति तर्जुमा गर्न अखिल नेपाल फुटबल सङ्घले तदारुकता देखाउन ढिलो गर्न हुँदैन।

# अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चित गर्न अखिल क्रान्तिकारीको माग

काठमाडौं, २३ असार (रासस)।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्ने संवैधानिक व्यवस्थालाई विद्यालय शिक्षा विधेयकमा समेटन प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको ध्यानाकर्षण गराएको छ।

अखिल (क्रान्तिकारी) का अध्यक्ष विजयप्रकाश शर्मा सापकोटासहितको प्रतिधिमण्डलले सोमबार समितिका सभापति अम्मरबहादुर थापालाई ज्ञापनपत्र बुझाउँदै विधेयकमा शिक्षकको आत्मसम्मानको कदर तथा सेवसुविधा समयानुकूल बनाउन आग्रह गरेको हो। सङ्गठनले शतप्रतिशत खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्तिको सुनिश्चितता गर्न पनि माग गरेको छ।

क्रान्तिकारीले परम्परागत रूपमा चलिरहेका धार्मिक विद्यालय मदरसा, गुम्बालगायतका विद्यालयलाई समकक्षता र यस्ता विद्यालयलाई मूलधारमा ल्याउने बारेमा थप स्पष्टता गर्न सुझाव दिएको उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख मदन ढकालले जानकारी दिनुभयो। ज्ञापत्रपत्रमा राष्ट्रिय पाठ्यक्रम परिषद् र पाठ्यक्रम विकास केन्द्रलाई गाभेर एउटा निकाय कायम गर्न सुझाव दिइएको छ।

ऐन प्रारम्भ भएपछि पाँच देखि १० वर्षभित्रमा निजी विद्यालय अनिवार्य रूपमा शैक्षिक गुठीमा रुपान्तरण गरी

बाँकी तीन पृष्ठमा

# साउनमा पशुपति क्षेत्रमा महाशिवरात्रिकै जस्तो व्यवस्थापन गरिने

काठमाडौँ, २३ असार (रासस) ।
पशुपति क्षेत्र विकास कोषले साउनमा पशुपतिनाथको दर्शनमा आउने भक्तजनका लागि महाशिवरात्रिकै जस्तो व्यवस्थापन गर्ने तयारी गरेको छ ।

साउनमा पशुपति क्षेत्रमा भक्तजनको धेरै भीड लाग्ने गर्छ । साउन महिनाको पनि सोमबार र शनिबार धेरै भक्तजन पशुपतिनाथ मन्दिरमा दर्शन एवं पूजाआराधनाका लागि आउने गर्छन् । यस महिनामा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का सदस्यलाई पनि अनुगमनमा खटाउने गरी तयारी गर्न लागिएको निमित्त सदस्यसचिव सुभाषचन्द्र जोशीले जानकारी दिनुभयो ।

धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) का पदाधिकारी एवं कार्य समिति सदस्यहरूसँगको अन्तरक्रियामा उहाँले साउनदेखि नै पशुपति क्षेत्रमा समाचार सङ्कलनका लागि आउने पत्रकार एवं सञ्चारकर्मीका लागि 'मिडिया सेन्टर' को सुरुवात गरिने प्रतिबद्धता जनाउनुभयो ।

साउनको सोमबार र शनिबार, हरितालिका (तीज), बाला चतुर्दशी, महाशिवरात्रि, विक्रम संवत्‌को नयाँ वर्ष वैशाख १ गते, अक्षया तृतीयालगायत पर्वका अवसरमा पशुपति क्षेत्रमा लाखौँ भक्तजन दर्शन एवं पूजाआराधनाका लागि आउने गर्छन् । त्यसबेला पशुपति क्षेत्रबाट समाचार सङ्कलनमा समस्या हुने गरेको छ । विश्वका वैदिक सनातन हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र एवं राष्ट्रदेवका रूपमा रहेको पशुपति क्षेत्रलाई थप व्यवस्थित बनाउन यसो गर्न लागिएको हो ।

कोषको कर्मचारी नियमावली छिटो ल्याउन पहल गर्ने पनि निमित्त सदस्यसचिव जोशीको प्रतिबद्धता छ । नियमावली अहिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पुगेको जनाइएको छ । लामो समयदेखि बढुवा नहुँदा कर्मचारी निराश भएकाले केही महिनामै विज्ञापन गर्नेगरी तयारी गरिएको जानकारी पनि उहाँले दिनुभयो ।

पशुपति क्षेत्र विकास कोष ऐनलाई संशोधनका लागि पनि पहल गरिने उहाँको प्रतिबद्धता छ । कोषले सूचना प्रविधिका विभिन्न माध्यमलाई प्रभावकारी बनाउँदै नागरिक एपमार्फत सेवा दिने तयारी पनि गरेको सदस्यसचिव जोशीले बताउनुभयो ।

# देशभरका अस्पतालमा आकस्मिकबाहेकका सेवा बन्द

काठमाडौँ, २३ असार (रासस) ।
उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा गरेको कारबाहीको निर्णयप्रति गम्भीर असहमति जनाउँदै नेपाल चिकित्सक सङ्घले सोमबार देशभरका अस्पताल तथा स्वास्थ्य संस्थामा आकस्मिकबाहेकका सम्पूर्ण सेवा बन्द गरेका थिए ।

देशकै जेठो वीर अस्पतालमा अहिले 'फलोअप'का बिरामीबाहेक अरूले सेवा पाउन सकेका छन् । आकस्मिक र अत्यावश्यक सेवाबाहेकको सेवा दिन नसकिएको अस्पतालका निर्देशक डा दिलीप शर्माले बताउनुभयो । उहाँले भन्नुभयो, "सङ्घको आह्वानमा सेवा बन्द भएको हो । आंशिक सेवा मात्र दिन सकेका छौँ । आकस्मिक सेवा भने दिइरहेका छौँ । आशा छ छिट्टै निकास मिल्ला ।"

सङ्घले देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई यही असार १७ गतेदेखि कालोपट्टी बाँधेर सेवा दिन आह्वान गरेकामा सोमबारदेखि आकस्मिकबाहेकका सेवा ठप्प पारेको हो ।

बिरामीको उपचारमा लापरबाही गरेको भन्दै उपभोक्ता अदालतले पछिल्लो समय केही ग्रान्डी अस्पताल र चिकित्सकमाथि रु ५७ लाख १९ हजार क्षतिपूर्तिसहित कारबाहीको फैसला गरेको थियो ।

यसैगरी, हिमाल अस्पताल र त्यहाँ कार्यरत चिकित्सकलाई रु एक करोड ४५ लाख क्षतिपूर्ति तिराउने उपभोक्ता अदालतले फैसला गरेको थियो भने ओम अस्पताललाई रु ५० लाख ७० हजार तिर्नुपर्ने फैसला गरेको थियो ।

चिकित्सक सङ्घका महासचिव डा सञ्जीव तिवारीले चिकित्सा पेसालाई अत्यन्त संवेदनशील, वैज्ञानिक र नैतिक सेवा भएको बताउँदै यसलाई अन्य व्यवसायजस्तो मूल्याङ्कन गरी निर्णय गर्नु अस्वीकार्य हुने बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाल मेडिकल काउन्सिलजस्ता नियामक निकायलाई बेवास्ता गरी उपभोक्ता अदालतले गरेको कानुनी हस्तक्षेपले चिकित्सा क्षेत्रमा अन्योल सृजना गरेको र यस्ता विषयमा नेपाल मेडिकल काउन्सिलबाट मात्र मूल्याङ्कन हुनुपर्छ ।"

सङ्घले उपभोक्ता अदालतलाई उक्त निर्णय पुनरावलोकन गर्न र स्वास्थ्य मन्त्रालयलगायत सरोकारवाला निकायलाई तत्काल ध्यान दिन आग्रह गरेको छ । चिकित्सकहरूलाई सुरक्षित वातावरणमा काम गर्ने अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै सङ्घले यस्तो वातावरण नभएमा स्वास्थ्य सेवामा गम्भीर असर पर्न सक्ने बताएको छभने सङ्घले नेपाल सरकारले उचित कदम नचाले सशक्त आन्दोलनमा उत्रने चेतावनीसमेत दिएको छ ।

# पूर्वप्रधानमन्त्री खनाल विश्व सभ्यता संवादमा सहभागी हुन चीन प्रस्थान

काठमाडौँ, २३ असार (रासस) ।
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनाल चीन प्रस्थान गर्नुभएको छ ।

चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) को निमन्त्रणामा बेइजिङमा आयोजित 'विश्व सभ्यता संवाद' मा सहभागी हुन खनाल आज त्यसतर्फ प्रस्थान गर्नुभएको हो । उहाँले बेइजिङको मुख्य कार्यक्रममा सहभागी हुनुअघि हेनान प्रान्तको तीनदिने भ्रमण गर्नुहुने नेता खनालका स्वकीय सचिव कृष्ण भट्टराईले जानकारी दिनुभयो ।

पूर्वप्रधानमन्त्री खनालले त्यहाँका आधुनिक कृषि अनुसन्धान केन्द्र, 'डिजिटल' प्रविधि कम्पनी, नयाँ ऊर्जा प्रविधि कारखाना तथा ग्रामीण पुनरुत्थानका नमूना परियोजनाहरूको अवलोकन गर्नुहुनेछ । उहाँले सिपिसी हेनान प्रान्तीय कमिटीद्वारा आयोजित एक विशेष अन्तरक्रियामा प्रमुख वक्ताका रूपमा सम्बोधन गर्नुहुनेछ ।

हेनानको कार्यक्रम सकेर नेता खनाल यही असार २५ गते चीनको राजधानी बेइजिङ पुग्नुहुनेछ । बेइजिङमा उहाँले जुलाई १० मा दुईवटा महत्वपूर्ण सत्रलाई सम्बोधन गर्नुहुनेछ । उहाँले 'मन्त्रिस्तरीय विश्व सभ्यता संवाद' को पूर्ण सत्रको तेस्रो खण्ड, 'मानवताका साझा मूल्यहरूको संयुक्त प्रवर्द्धन' लाई प्रमुख वक्ताका रूपमा सम्बोधन गर्नुहुनेछ ।

सोही दिन उहाँले 'सभ्यताहरूको आदानप्रदान, पारस्परिक सिकाइ र प्राज्ञिक संवाद' शीर्षकको छैटौँ उप(मञ्चको उद्घाटन समारोहमा पनि प्रमुख वक्ताका रूपमा मन्तव्य राख्नुहुनेछ ।

बेइजिङ बसाइका क्रममा नेता खनालले चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जियानचाओलगायत अन्य शीर्ष नेताहरूसँग शिष्टाचार भेटवार्ता गर्नाका साथै, सम्मेलनमा सहभागी हुन विभिन्न मुलुकबाट आएका पूर्वप्रधानमन्त्री, मन्त्री, विज्ञ तथा प्रतिनिधिहरूसँग पनि भेटवार्ता गर्ने कार्यक्रम छ ।

नेता खनाल पाँच दिवसीय भ्रमण सम्पन्न गरी यही असार २७ गते स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

# क्रिकेटमा प्राप्त सफलता खेलाडीको समर्पण, लगाव र मेहनतको प्रतिफलः राष्ट्रपति

काठमाडौँ, २३ असार (रासस) ।
राष्ट्रपति रामचन्द्र पौडेलले नेपालीमा बढ्दो क्रिकेट खेलप्रतिको क्रेज र पछिल्लो समय नेपाली खेलाडीले पाएको सफलता प्रशंसनीय भएको बताउनुभएको छ ।

एसीसी यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको विजेता नेपाली टोलीलाई आज शीतल निवासमा बधाई दिँदै उहाँले क्रिकेटमा नेपालीले हात पारेको सफलता खेलाडीको खेलप्रतिको समर्पण, लगाव र मेहिनतको प्रतिफल भएको उल्लेख गर्नुभयो ।

उहाँले सिङ्गापुरसँग भएको फाइनलमा एसिसी यु(१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको उपाधि जितेर मुलुकको प्रतिष्ठा उँचो बनाएको भन्दै यसले नेपाल र नेपालीको इज्जत, प्रतिष्ठा बढाएको स्पष्ट पार्नुभयो ।

राष्ट्रपति पौडेलले हामीले हाम्रा परम्परागत खेललाई पुरष्कृत, विकास र विस्तार गर्दै अन्तरराष्ट्रिय प्रतियोगितामा समावेश गराउन सकियो भने एकतर्फ देशको इज्जत र प्रतिष्ठा बढाउन सकिने उल्लेख गर्नुभयो । उहाँले देशभित्रै खेलकुदका लागि आवश्यक पूर्वाधार तथा प्रतियोगिता र प्रशिक्षण बढाएर देश विदेशमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष खेलाडी उत्पादनमा हामी सबैको ध्यान जान आवश्यक रहेको बताउनुभयो ।

*अनिवार्य...*

सञ्चालन गर्नु आवश्यक रहेको औँल्याउँदै क्रान्तिकारीले निजी गुठीका रूपमा सञ्चालित विद्यालय १० वर्षभित्र सार्वजनिक गुठीमा रुपान्तरण गरी सञ्चालन गर्नुपर्ने सुझाव दिएको छ ।

## विश्व समाचार

### एप्पलद्वारा इयूसँग ५० करोड युरो जरिवानाबारे पुनर्विचार गर्न आग्रह

ब्रसेल्स, बेल्जियम, २३ असार (रासस/एएफपी) ।
युरोपेली सङ्घ (इयू) ले लगाएको ५० करोड युरो जरिवानाविरुद्ध एप्पलले सोमबार अपिल दायर गरेको छ । ब्रसेल्सले अमेरिकी विशाल प्रविधि कम्पनी एप्पललाई प्रयोगकर्ताका लागि 'खराब' परिवर्तन गर्न बाध्य पारेको आरोप लगाएको छ ।

युरोपेली आयोगले अप्रिलमा एप्पललाई आफ्नो एप स्टोरबाहिर ग्राहकलाई 'स्टीयरिङ' गर्नबाट रोकेको भन्दै एप्पललाई जरिवाना लगाएको थियो ।

एप्पलले भनेको छ, "युरोपेली आयोगको निर्णय र अकल्पनीय जरिवाना कानुनी दायराभन्दा धेरै टाढा छ । आज हामीले हाम्रो अपील दायर गरेका छौं ।" विज्ञप्तिमा भनिएको छ, "हाम्रो अपीलले देखाउँछ कि आयोगले हामीमाथि कसरी व्यावसायिक सर्तहरू मान्न बाध्य पार्दैछ विकासकर्ताहरूको लागि भ्रामक र प्रयोगकर्ताहरूको लागि खराब छ भन्ने कुरा हाम्रो अपीलले पुष्टि गर्नेछ । हामीले दैनिक जरिवानाबाट बच्नका लागि आयोगका सर्त मानेका छौं । परेको बेला इयू अदालतसँग तथ्यहरू साझा गर्नेछौं ।"

एप्पलले नयाँ दैनिक जरिवानाबाट बच्न सकियोस् भनी गत महिना युरोपमा आफ्नो एप स्टोर भुक्तानी नियमहरूमा परिवर्तनको घोषणा गरेको थियो । परिवर्तित एप स्टोर भुक्तानी नियमहरूमा विकासकर्ताहरूलाई उनीहरूको अनुप्रयोगभित्र उपभोक्ताहरूलाई सीधै विभिन्न भुक्तानी विकल्पहरू प्रस्ताव गर्न अनुमति दिनसक्ने पनि उल्लेख छ । आयोगले अहिले ती परिवर्तनको मूल्याङ्कन गरिरहेको छ ।

### बङ्गलादेशका वकिलले पूर्वप्रधानमन्त्रीविरूद्धको हत्याको मुद्दा खारेज गर्न माग

ढाका, २३ असार (रासस/एएफपी) ।
बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाविरुद्ध मानवताविरुद्धको अपराधमा लगाइएको अभियोग खारेज गर्न सरकारी वकिलले सोमबार माग गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घका अनुसार गत वर्षको जुलाईदेखि अगष्टसम्ममा भएको आन्दोलनका क्रममा हसिनाको सरकारले सत्तामा टिक्ने असफल प्रयासस्वरुप प्रदर्शनकारीमाथि कारबाही गर्न आदेश दिएपछि एक हजार ४०० जनाको मृत्यु भएको थियो ।

गत अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहको उत्कर्षमा ७७ वर्षीया हसिना शरण लिन भारततर्फ भाग्नुभएको थियो । सरकारले पछि उहाँलाई स्वदेश फर्कन र उहाँमाथि लागेका अभियोगको सामना गर्न दिएको आदेश पालना नगरेपछि उहाँको अनुपस्थितिमा जुन १ मा उहाँविरूद्धको मुद्दाबारे सुनुवाइ सुरु भएको थियो ।

सरकारी वकील मोहम्मद अमिर हुसेनले भन्नुभएको छ, "मैले मलाई सबै आरोपबाट मुक्त हुन माग गरेको छु । किनभने मैले हसिनासँग प्रत्यक्ष रुपमा कुरा गर्न पाएको थिइन । ती मुद्दा झुटा, मनगढन्ते र राजनीतिबाट प्रेरित देखिन्छन् ।"

अभियोजकहरूका अनुसार हसिनाले हिंसाको सम्पूर्ण जिम्मेवारी आफुले लिने तर ती सबै एउटा शासकले देशमा नियम र कानुनको आधारमा गर्नुपर्ने जिम्मेवारी भएको बताउनुभएको थियो ।

अभियोजकहरूले उहाँविरुद्ध पाँच वटा अभियोग दायर गरेका छन् जसमा सामूहिक हत्या रोक्न असफल हुनु पनि समावेश छ, जुन बङ्गलादेशी कानून अन्तर्गत मानवता विरुद्धको अपराध हो ।

हसिनाविरूद्धको मुद्दाको सुनुवाई १० जुलाईका लागि स्थगित भएको छ । यसअघि जुलाई २ मा हसिनालाई अदालतको अवहेलना गरेको अभियोगमा छ महिनाको जेल सजाय सुनाइएको थियो ।

### युक्रेनमा भएको रूसी आक्रमणमा चार जनाको मृत्यु, ३० भन्दा बढी घाइते


किएभ, युक्रेन, २३ असार (रासस/एएफपी) ।
युक्रेनमा भएको रूसी आक्रमणमा कम्तीमा चार जनाको मृत्यु हुनुका साथै ३० जनाभन्दा बढी घाइते भएको क्षेत्रीय अधिकारीहरूले सोमबार बताएका छन् ।

पूर्वको सुमी क्षेत्रमा दुई जना र दक्षिणको ओडेसा क्षेत्रमा एक जनाको मृत्यु भएको युक्रेनको राज्य आपतकालीन सेवाले टेलिग्राम मार्फत जनाएको छ ।

क्षेत्रीय गभर्नरका अनुसार दक्षिणी खेरसन क्षेत्रमा एक जनाको मृत्यु भएको छ । घटनाको पुष्टि गर्दै अधिकारीहरूले घाइते भएकामध्ये अधिकांश खार्किभ र डिनिप्रोपेट्रोभस्कको पूर्वी क्षेत्रहरूका रहेको बताएका छन् ।

रूसी ड्रोनहरूले राजधानी किएभमा आक्रमण गर्दा भवनहरूमा समेत क्षति पुगेपनि कुनै हताहत नभएको नगर प्रमुखले टेलिग्राममार्फत जनाउनुभएको छ । रूसको रक्षा मन्त्रालयले आइतबार राति मस्को क्षेत्रमा आठ वटा र बाँकी ९१ वटा ड्रोनहरू अधिकांश युक्रेनको सिमानामा खसालेको बताएको छ ।

# लागु औषध सहित दुई जना पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २३ असार ।**
भारतीय बजारबाट लुकाई छिपाई लागुऔषध ल्याउँदै गरेका दुई जना पक्राउ परेका छन् ।

सोमवार भारतीय सिमासँग जोडिएको सप्तरीको बलान बिहुल गाउँपालिका २ स्थित बलान पुल क्षेत्रबाट लागुऔषध सहित दुई जना पक्राउ परेका हुन् ।

पक्राउ पर्नेमा उदयपुर त्रियुगा नगरपालिका ११ बस्ने २५ वर्षिया लक्ष्मण मलाह र २४ वर्षिय राजेश निरौला छन् । उनीहरुको साथबाट प्रहरीले डाइजेपाम इन्जेक्सन र फेनरागन इन्जेक्सन ८६/८६ थान तथा बुप्रेनोफिन इन्वेक्सन ८८ थान बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

पक्राउ परेकाहरुलाई लागुऔषध मुद्दामा सोमवार नै सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# पूर्वाधार कार्यालयले ठोरीको सिकारीबासमा पाँच जनाको घर बनाइदिने

वीरगञ्ज (पर्सा), २३ असार (रासस) ।

पूर्वाधार विकास कार्यालय वीरगञ्जले पर्साको विकट ठाउँका रुपमा चिनिने सिकारीबासमा फुसको घरमा बसोबास गर्दै आएका सर्वसाधारणलाई दुई कोठे पक्की घर निर्माण गरिदिने भएको छ ।

कार्यालयले ठोरी गाउँपालिका-३ सिकारीबास फुसको घरमा बसोबास गर्दै आएका पाँच परिवारको लागि ‘जनता आवास कार्यक्रम अन्तर्गत) एकीकृत बस्ती निर्माण गरिदिन लागेको हो । यो बस्ती ठोरीको हुलाकी राजमार्गबाट करिब ६ किलोमिटरभित्र पर्दछ । जहाँ पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज र भारतको बाल्मिकी टाईगर रिजंभ लगायतको मध्यवर्ती क्षेत्रको रुपमा रहेको छ । तर,यहाँका सर्वसाधारण आधारभूत आवश्यकताबाट पनि बञ्चित हुँदै आइरहेका छन् ।

पूर्वाधार विकास कार्यालय वीरगञ्जका प्रमुख लालबाबु रायले चालु आर्थिक वर्षमा शिलान्यास भए पनि आगामी आर्थिक वर्षसम्म फुसको घरमा बस्दै आएका पाँच जना परिवारको लागि दुई-दुई कोठे एकीकृत घर बनाइदिन लागेको जानकारी दिनुभयो "मधेश प्रदेश सरकारले जनता आवास कार्यक्रम अन्तर्गतप्रति घर तीन लाख ७२ हजार लागतमा निर्माण गर्न लागिएको हो ।

यसमा घरधनीले १० प्रतिशत श्रमदान पनि गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो,"यसअघि जनता आवास कार्यक्रम सघन सहरी तथा भवन निर्माण आयोजनाबाटै सम्पादन हुँदै आइराखेपनि पछिल्लो समय भने पूर्वाधार विकास कार्यालय मातहत व्यवस्थापन र सञ्चालन हुँदै आइरहेको छ ।" कार्यालयका अनुसार फलामे ट्रस र जस्ताको छानोसहितको घर निर्माण गर्न लागिएको हो ।

गत शनिबार ठोरीको सिकारीबासमा आयोजित एक कार्यक्रमबीच एकीकृत बस्तीको शिलान्यास पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र पूर्वाधार विकास कार्यालयका प्रमुख रायले संयुक्तरुपमा गर्नुभएको थियो । सो योजना अन्तर्गत सिकारीबासमा वर्षौंदेखि बस्दै आएका भङ्गीयादेवी थारु, तेत्रीदेवी थारु, रामचन्द्र थारु, भरत महतो थारु, पार्वतीकुमारी थारुको घर निर्माण गरिनेछ ।

फुसको घरमा बसोबास गर्दै आउनुभएका भरत महतो थारुले आफ्नो पक्की घर बन्ने भएसँगै निकै खुसी भएको प्रतिक्रिया दिनुभयो ।" म त जिन्दगीभर नै फुसकै घरमा जीवन गुज्रिएला जस्तो लागेको थियो," उहाँले भन्नुभयो,"अब घर बन्ने भएसँगै हामी पनि वर्षायाममा पानी नचुहिने घरमा बस्न पाउने भयौं ।" पर्साका प्रजिअ अर्यालले वर्षौंदेखि राज्यको अभिभावकत्व प्राप्त गर्न नसकेका सिकारीबासका जनताका लागि एकीकृत शिविरमार्फत राज्यको अनुभूति गराउन खोजेको बताउनुभयो ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन पर्साका योजना प्रमुख तथा इन्जीनीयर राकेश साहले शनिबार नै ठोरीको सिकारीबासमा नदीको कटान क्षेत्रमा करिब १० लाख मूल्य पर्ने नदी तटबन्धसहितको जालीको व्यवस्था गर्न लागेको जानकारी दिनुभयो ।

# प्रेस युनियनमा तीन सल्लाहकार मनोनित

काठमाडौँ, २३ असार (रासस) ।

लोकतन्त्रवादी पत्रकारहरूको छाता संस्था नेपाल प्रेस युनियनले सोमवार तीन जना सल्लाहकार मनोनित गरेको छ ।

युनियनको विधान, २०४८ अनसार वरिष्ठ पत्रकारहरू तेजप्रकाश पण्डित (तनहुँ), विपुल पोखरेल (दाङ) र रिता गुरुङ (काठमाडौँ) लाई सल्लाहकार पदमा मनोनयन गरेको अध्यक्ष शिव लम्सालले जानकारी दिनुभयो ।

संस्थाको लक्ष्य र उद्देश्य परिपूर्तिका लागि मनोनित सल्लाहकारहरूबाट लामो पत्रकारिता अनुभव र विज्ञताले नेपाल प्रेस युनियनको गतिविधिलाई थप प्रभावकारी र सशक्त बनाउने युनियनले जनाएको छ ।

## *मुलुकमा...*

महासंघ मधेस प्रदेशकी उपाध्यक्ष प्रिया सिंह थारु, महासचिव बृजमान तामाङ, नेपाल मगर संघ मधेस प्रदेश वरिष्ठ उपाध्यक्ष कारिमान मगर, आदिवासी अनुसन्धानकर्ता अधिवक्ता सुकदेव चौधरी, सरिता चौधरी, सम्फना राना लगायतकाले शुभकामना दिएका थिए ।

सम्मेलनले आदिवासी जनजातिको हक हित, अधिकार, परम्परा, संस्कृति संरक्षण प्रबर्द्धन तथा समतामुलक समाज निर्माण लगायतका १३ बुँदे कञ्चनरुप घोषणा पत्र समेत जारी गरेको छ ।

# ‘सुत्केरी तथा गर्भवती पोषण प्याकेज कार्यक्रम’

सिरहा, २३ असार (रासस) ।

लहान नगरपालिकाले तीन वर्षअघिदेखि सञ्चालन गर्दै आएको ‘सुत्केरी तथा गर्भवती पोषण प्याकेज कार्यक्रम’ अहिले प्रभावकारी रूपमा अघि बढिरहेको छ ।

नगरपालिकाका २४वटै वडामा ‘रोटेसन’को आधारमा प्रत्येक महिनाको २२ गते गर्भवती तथा सुत्केरीलाई पोषण प्याकेज वितरण गरिँदै आएको छ । आइतबार वडा नं २२ मा आयोजित कार्यक्रममा नगरप्रमुख महेशप्रसाद चौधरीले ४५ जनालाई पोषण प्याकेज हस्तान्तरण गर्नुभयो । उहाँका अनुसार यो कार्यक्रम गत स्थानीय तहको निर्वाचनअघि जनतासँग गरिएको प्रतिबद्धता अनुसार सुरु गरिएको हो ।

"सुत्केरी अवस्थामा पोषिलो आहार नपाउँदा बच्चाको पोषणमा गम्भीर असर पर्छ, जुन भविष्यका लागि खतरा हुन्छ । मैले नगरप्रमुखको जिम्मेवारी सम्हालेपछि एउटा स्वस्थ पुस्ता तयार पार्न, आमाहरूको स्वास्थ्य सुधार गर्न र कुपोषणको चक्र तोड्न यो कार्यक्रम सुरु गरेको हुँ," उहाँले भन्नुभयो,"अहिले यो कार्यक्रमले जनस्तरमा निकै राम्रो प्रभाव पारेको देखिएको छ, त्यसैले आगामी दिनमा अझ प्रभावकारी बनाउँदै लैजाने योजना छ ।"

नगरपालिकाभित्र उल्लेख्य दलित र विपन्न समुदाय रहेकोले उनीहरूलाई लक्षित गर्दै कार्यक्रम बनाइएको हो । उहाँका अनुसार कार्यक्रमले हाल जनस्तरमा सकारात्मक प्रभाव पारिरहेको र आगामी दिनमा अझ व्यापक बनाइनेछ । कार्यक्रमको प्रभावबारे बोल्दै वडा नं २२ का वडाध्यक्ष गङ्गुलबहादुर जर्घामगरले पनि यस योजनाले महिलाहरूमा स्वास्थ्य सचेतना बढेको बताउनुभयो ।

"पहिला गर्भवती र सुत्केरीहरू स्वास्थ्य संस्थामा नियमित जाँच गर्न जाँदैनथे," उहाँले भन्नुभयो, "अब पोषण प्याकेज पाउने प्रक्रियामा नियमित स्वास्थ्य जाँच अनिवार्य भएकाले उनीहरू स्वास्थ्य संस्थामा आउन थालेका छन्, जसले आमाको पनि स्वास्थ्य सुधार ल्याएको छ ।"

नगरपालिकाको स्वास्थ्य शाखाकी कर्मचारी रीता यादवका अनुसार यो कार्यक्रमले मातृ तथा शिशु स्वास्थ्यमा सकारात्मक असर पारेको छ ।पोषण प्याकेजमा चामल, दाल, नून, तेल, चना, मोटर, सोयाबिनलगायतका खाद्य सामग्री समावेश गरिएको छ । कार्यक्रमबाट लाभान्वित महिलाले आफूहरूले पाएको सहयोगले गर्भावस्था र सुत्केरी अवस्थाको चुनौती पार गर्न सजिलो भएको अनुभव बाँडेका छन् ।

**‘बर्थिङ सेन्टर’ सञ्चालनमा आउने**

कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख चौधरीले यसै वडाको तरेगनामा यही वर्षदेखि ‘बर्थिङ सेन्टर’ सञ्चालनमा ल्याइने जानकारी दिनुभयो । नगरपालिकाको स्वास्थ्य शाखाले यस सम्बन्धमा आवश्यक सबै प्रक्रिया पूरा भइसकेको जानकारी दिएको छ ।

लहान नगरपालिकाको दुर्गम क्षेत्र मानिने तरेगनामा सञ्चालनमा आउन लागेको यो बर्थिङ केन्द्रबाट स्थानीय महिलाहरूलाई सुरक्षित र सहज प्रसूति सेवा उपलब्ध हुने अपेक्षा गरिएको छ ।

लहान नगर प्रमुख महेशप्रसाद चौधरीका अनुसार, वर्षायाममा सडक अवरुद्ध हुँदा रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालसम्म पुग्न नसक्ने अवस्थाले गर्दा गर्भवतीले समयमा सेवा नपाइ ज्यान गुमाउने जस्ता दुःखद घटना दोहोरिरहेकाले यो केन्द्रले अब स्थायी समाधान दिनेछ ।

नगर प्रमुख चौधरील भन्नुभयो,"बर्थिङ सेन्टर सञ्चालनमा आएपछि लहान-१६ को भसुवा, भमरेका गर्भवतीलाई अब सहरसम्म धाउनुपर्ने बाध्यता हट्नेछ ।

एमबिबि एस डक्टरसहितको सेवा हुनेछ ।" उहाँका अनुसार केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र उपकरण तयारी अवस्थामा छन् ।यसबाट दुर्गम क्षेत्रमा सुरक्षित मातृत्व सेवा सुनिश्चित हुने विश्वास लहान नगरपालिकाले लिएको छ ।

# एकीकृत समाजवादीको सचिवालय बैठक आज पुन : बस्ने

काठमाडौँ, २२ असार (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय सचिवालय बैठक यही असार २४ (मंगलवार) गते पुनः बस्ने गरी स्थगित भएको छ । बैठकमा नेताहरुले धारणा राख्ने क्रम जारी रहेकाले पुनः बस्ने गरी स्थगित गरिएको हो ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा केन्द्रीय पार्टी कार्यालयमा बसेको बैठकमा मुलुकको समसामयिक राजनीतिक विषयवस्तु, समाजवादी मोर्चाका गतिविधि, वामपन्थी शक्तिबीच एकतालगायत विषयमा छलफल गरिएको हो ।

अध्यक्ष नेपाललाई विशेष अदालतमा दायर भएको मुद्दा, संसदीय दलको नेताको विकल्प, पार्टी नेतृत्वका बारेमा उठेका कानुनी एवं व्यावहारिक पक्षका बारेमा छलफल गरिएको केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले जानकारी दिनुभयो ।

पार्टी नेतृ रामकुमारी झाँक्रीलाई सोधिएको स्पष्टिकरणका बारे छलफल गरिएको बैठकमा पार्टी निकट जनवर्गीय सङ्गठनका कार्यप्रगतिको समीक्षा, आन्तरिक विवाद समाधानबारे समीक्षा गरिएको छ ।

मुलुकको समसामयिक राजनीतिक विषयवस्तु, विभागलाई पूर्णता दिने तथा नेताहरूको जिम्मेवारी, पार्टीको आगामी रणनीतिका विषयमा छलफल गरिएको जनाइएको छ ।


सुरक्षित घर निर्माण गरौं

घर निर्माण गर्दा-
- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं ।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं ।
- गुणस्तरीय सामग्री प्रयोग गरौं ।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
- नियमित मर्मतसम्भार गरौं ।
- निर्माण अघि स्वीकृति लिऔं ।

"बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*